नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं ।

# सन् २०२५/२६ को फिलाटेलिक कार्यक्रम तयार गर्नका लागि प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२ जेठ १२ गते (सन् २०२५ मे २६)**

हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२५/२६ तयारीका लागि हुलाक टिकट प्रकाशन (पहिलो संशोधन) निर्देशिका २०७१ को दफा २ बमोजिम हुलाक टिकट प्रकाशन गर्न उपयुक्त विषयको प्रस्ताव पेस गर्नुहुन इच्छुक व्यक्ति, सङ्घ/संस्था, निकाय तथा सम्बन्धित सबैमा यो सार्वजनिक सूचना आह्वान गरिएको छ।

१. प्रस्ताव पेस गर्दा सम्बन्धित विषयको उपयुक्त फोटो सहितको सङ्क्षिप्त विवरण (नेपाली तथा अङ्ग्रेजीमा) र सम्भव भएसम्म टिकटको डिजाइन समेत पेस गर्नुपर्नेछ ।

२. प्राप्त हुन आएका प्रस्तावहरूलाई हुलाक सेवा विभागले सङ्कलन गरी निर्देशिका बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनेछ ।

३. प्रस्ताव पेश गर्दा देहायका विषयहरूमध्ये उपयुक्त विषय छनोट गरी गर्नुपर्नेछ:

(क) **नेपालका बिभिन्न भागमा प्रचलित बिभिन्न चाडपर्व, संस्कृति,**
(ख) **प्राचीन तथा अर्वाचीन कला, धर्म, साहित्य,**
(ग) **कलात्मक भवन, स्मारक तथा धार्मिक स्थलहरू,**
(घ) **भौगोलिक एवं पुरातात्विक महत्त्वका बस्तुहरू,**
(ङ) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त बिशिष्ट बिद्वान्, राष्ट्रिय बिभूति एवं प्रतिभाहरू,**
(च) **महत्त्वपूर्ण ऐतिहासिक घटना तथा व्यक्तिहरू,**
(छ) **प्राकृतिक बैभव र गरिमायुक्त राष्ट्रिय महत्त्वका बिषयहरू,**
(ज) **नेपालसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ/संस्था, सभा, सम्मेलन, समारोह आदि,**
(झ) **नेपालसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध भएका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्धको बिषय,**
(ञ) **संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय हुलाक सङ्घ (UPU) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC), लगायतका संस्थाहरूको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय बर्ष,**
(ट) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका खेलकुद गतिबिधि,**
(ठ) **अन्य कुनै महत्त्वपूर्ण विषयवस्तु ।**

४. माथि उल्लिखित आधारमा पेस गरिने प्रस्ताव देहाय बमोजिमको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र प्राप्त हुने गरी पेस गर्नुपर्नेछ:

ठेगाना : **हुलाक सेवा विभाग**
**बबरमहल, काठमाडौं ।**

इमेल: **philatelic.ptms@nepalpost.gov.np**
**psdyojana@gmail.cpm**
**ticket.mgmt12@gmail.com**

**यस विषयमा थप केही बुझ्नुपरेमा फोन नं. ०१-५३२४११६, ५३२४११७ वा मोबाइल नं. ९८६६८०७२३७ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।**